annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ११७ पृष्ठ ८ | काठमाडौं, आइतबार ८ भदौ २०८२ | भाद्र शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | SUNDAY, AUGUST 24, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

## चिरा पर्दै एनआरएनए, एकतामा दुवै पक्षको जोड

**सुरज भण्डारी** | *अमेरिका*

गैरआवासीय नेपाली संघ (एनआरएनए) को अन्तर्राष्ट्रिय समन्वयपरिषद् विभाजित भएसँगै त्यसको असर राष्ट्रिय समन्वय परिषद्हरूमा पनि देखिएको छ। डा. बद्री केसी र महेश श्रेष्ठले नेतृत्व गरेका दुई अन्तर्राष्ट्रिय समन्वयपरिषद् सक्रिय छन्। दुवैले आधिकारिता दाबी गर्दै आएका छन्। आधिकारिताको विषयलाई लिएर सर्वोच्चमा मुद्दा परेको छ। मुद्दाको किनारा नलागेको अवस्थामा दुवैले आफ्ना गतिविधि गरिरहेका छन्।

अदालतले अन्तर्राष्ट्रिय महाधिवेशन गर्ने जिम्मेवारी दिएको एनआरएनएका पूर्वअध्यक्ष शेष घलेको नेतृत्वको उच्चस्तरीय समितिले गत मे ३ देखि ५ सम्म गरेको सम्मेलनबाट श्रेष्ठ निर्विरोध अध्यक्ष चुनिएका थिए। तर, सो सम्मेलनको वैधानिकतामै प्रश्न उठाउँदै डा. बद्री केसी समूह सहभागी भएको थिएन। सो समितिले आउँदो अक्टुबर ११ देखि १४ सम्म काठमाडौंमा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरेको छ। समितिले १२औं अन्तर्राष्ट्रिय अधिवेशन गर्न लागेको जनाएको छ। त्यसका लागि प्रतिनिधि छनौट कार्य भइरहेको छ। उता, श्रेष्ठ समूहले भने एनआरएनए आईसीसीको चुनाव सकिसकेको बताउँदै आएको छ।

डा.केसी नेतृत्वको समितिले अन्तर्राष्ट्रिय अधिवेशन आहान गरेसँगै विभिन्न राष्ट्रिय समन्वय परिषद्हरूमा समानान्तर समितिहरू बनेका छन्। शेष घले नेतृत्वको उच्चस्तरीय समितिले अन्तर्राष्ट्रिय सम्मेलन गर्दा राष्ट्रिय समन्वयपरिषद्हरूको निर्वाचन गर्नुपर्ने समय भएको थिएन। जुन सम्मेलनले श्रेष्ठ नेतृत्वमा समिति बनाएको थियो। राष्ट्रिय सम्मेलन बिनानै अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो। जसका कारण राष्ट्रिय समन्वय परिषद्हरूका कार्यकाल नसकिएकाले दुई समूहको बीचमा राष्ट्रिय सञ्जालमा समेत विभाजन रहे पनि त्यो सतहमा आएको थिएन।

» बाँकी पृष्ठ ६

कभर स्टोरी

# मधेसमा दबाइएका दलित


## सशक्तीकरण ऐन बन्यो, कार्यान्वयन भएन

मधेस प्रदेशको कुल जनसंख्या ६१ लाख २६ हजार २ सय ८८ छ। जसमध्ये दलितको करिब १० लाख ५८ हजार ५५ जनसंख्या छ। जुन, १८ प्रतिशत हो। अर्थात्, अरू प्रदेशभन्दा मधेसमा दलितको संख्या निकै धेरै छ। आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक रूपमा पछि परेको दलित समुदायको सशक्तीकरणका लागि ६ वर्षअघि प्रदेशले ऐन पनि बनायो। तर, ऐनअनुसारको न दलित विकास समितिमा पदाधिकारी नियुक्त भए, न त दलित समुदायको उन्नति र विकासका लागि ठोस कार्यक्रम नै सञ्चालन भए।

**मनिका झा** | *जनकपुरधाम*

– को रिपोर्ट

समाचार पृष्ठ २




## वीरगन्जमा समुदायस्तरमै फैलियो हैजा



- शय्याको अभावमा भुइँमै उपचार
- विद्यालय बन्द, २ को मृत्यु

**क्रान्ति शाह** | *वीरगन्ज*

वीरगन्ज महानगरमा हैजा (कोलेरा) को महामारी समुदायस्तरमै फैलिएको छ। शुक्रबार वीरगन्ज-१२ मुर्ली टोलका ३ जनामा हैजाको संक्रमण पुष्टि भएको थियो। तर, शनिबार साँझसम्म ३६ जनामा हैजाको संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले वीरगन्जमा हैजाको महामारी समुदायस्तरमै फैलिएको बताए। शनिबार साँझसम्म वीरगन्जका ३, ११, १२, १३ र ३० का वडाका ३६ जनामा हैजाको संक्रमण पुष्टि भएको ठाकुरले बताए। सबैभन्दा बढी वीरगन्जको नारायणी अस्पतालमा १३ जनाको उपचार भइरहेको छ।


यस्तै, तराई हस्पिटलमा १२ जना, नेसनल मेडिकल कलेजमा ५ जना, अलि अर्थो सेन्टरमा ४ जना र भवानी हस्पिटलमा २ जना हैजाका बिरामी उपचाररत रहेको महानगरपालिका स्वास्थ्य शाखाका प्रमुख सुमनचन्द्र ठाकुरले जानकारी दिए।

वीरगन्जका विभिन्न अस्पतालमा गरी झाडापखाला र हैजाका शंकास्पद गरी हाल २ सयभन्दा बढी बिरामी उपचाररत छन्।

झाडापखालाका सिकिस्त र हैजाका शंकास्पद बिरामीहरू थपिने क्रम जारी रहेको उनले बताए।

» बाँकी पृष्ठ ६

## रूस–युक्रेन युद्धविराम गर्न ट्रम्पको अल्टिमेटम



**न्युयोर्क** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी सातामा युक्रेन युद्धको शान्तिपूर्ण समाधान नभए रूसमाथि कडा प्रतिबन्ध वा कर लगाउने चेतावनी दिएका छन्। अगस्ट १५ मा अलास्कामा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटघाटको एक हप्तापछि ट्रम्पले यस्तो चेतावनी दिएका हुन्। ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भने, 'म चाँडै निर्णय गर्नेछु।

यो धेरै महत्वपूर्ण निर्णय हुनेछ। चाहे त्यो ठूलो मात्रामा प्रतिबन्ध होस्, कर होस् वा दुवै। हामी यो पनि भन्न सक्छौं कि यो तपाईंको लडाइँ हो, अमेरिकाको होइन।'



Experience Center : Team Venture Building, 3rd Floor, Sinamangal, Kathmandu, Nepal I Customer Care : 9705150000 I Email : enquiry@kajariaramesh.com
Website : www.kajariaramesh.com I Works : Bardaghat Municipality, Ward No.: 12, Jahada (Bhatauliya), Nawalparasi, Nepal.